# प्रदेश लोक सेवा आयोग

**कोशी प्रदेश, विराटनगर, नेपाल**

(सूचना, सञ्चार प्रविधि तथा प्रकाशन शाखा)

## प्रदेश निजामती सेवा तर्फ विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृत स्तर सातौँ तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ७३ (क र ख)/२०८१-०८२, मिति २०८१/६/३० गते बुधबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने प्रदेश निजामती सेवाका अधिकृत स्तर सातौँ तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ तथा देहाय बमोजिम शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/८/४ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३१ र दफा ४१ तथा प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची-४ बमोजिम बढुवा हुने पदको तहभन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालिम प्राप्त गरेको हुनुपर्नेछ।
२. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम योग्य भएको हुनुपर्नेछ।
३. प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम ५४ बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवार हुनुपर्नेछ।
४. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर (सिट रोल नं.) अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ।
५. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
६. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सोको विवरण खुलाई पेश गर्नुपर्नेछ।
७. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
८. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ।
९. दरखास्त दस्तुर रु. १,२००।- (रु एक हजार दुई सय मात्र) बुझाउनुपर्नेछ।
   दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
   नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००००१००१००००००१ वा
   कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजस्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजस्वको बैंक भौचर प्रति संलग्न गर्नुपर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाइसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि थप सूचनाः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३६, ३७, ३८ र ३९ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन प्रदेश निजामती सेवा ऐन २०७९ को दफा ३५ बमोजिम हुनेछ।
२. प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची-४ बमोजिम बढुवा हुने पदको तहभन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ।

**सूचना नं. ७३ (क)/२०८१-०८२**

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू**

**क) प्राविधिकतर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | ६८/२०८१-०८२ | इन्जिनियर वा सो सरह | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | २ |
| २. | ६९/२०८१-०८२ | कृषि अर्थ विज्ञ वा सो सरह | ७ | प्रदेश कृषि/एगृ.इको. एन्ड मार्केटिङ | १ |
| ३. | ७०/२०८१-०८२ | बाली संरक्षण अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| ४. | ७१/२०८१-०८२ | बाली विकास अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/बाली विकास | १ |
| ५. | ७२/२०८१-०८२ | पशु चिकित्सक वा सो सरह | ७ | प्रदेश कृषि कृषि/भेटेरिनरी | १ |
| ६. | ७३/२०८१-०८२ | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | ५ |
| ७. | ७४/२०८१-०८२ | शिक्षा अधिकृत वा सो सरह | ७ | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |
| ८. | ७५/२०८१-०८२ | जनस्वास्थ्य अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | २ |
| ९. | ७६/२०८१-०८२ | नर्सिङ अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| १०. | ७७/२०८१-०८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे | २ |
| ११. | ७८/२०८१-०८२ | फिजियोथेरापिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/फिजियोथेरापी | १ |

**ख) अप्राविधिकतर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | ७९/२०८१-०८२ | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ७ |
| २. | ८०/२०८१-०८२ | लेखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| ३. | ८१/२०८१-०८२ | तथ्याङ्क अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | २ |

**सूचना नं. ७३ (ख)/२०८१-०८२**

**कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू**

**क) प्राविधिकतर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ८२/२०८१-०८२ | इन्जिनियर वा सो सरह | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| २ | ८३/२०८१-०८२ | कृषि अर्थ विज्ञ वा सो सरह | ७ | प्रदेश कृषि/एगृ.इको. एन्ड मार्केटिङ | १ |
| ३ | ८४/२०८१-०८२ | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | ३ |
| ४ | ८५/२०८१-०८२ | शिक्षा अधिकृत वा सो सरह | ७ | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| ५ | ८६/२०८१-०८२ | जनस्वास्थ्य अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ६ | ८७/२०८१-०८२ | मेडिकल ल्याब टेक्नोलोजिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे | १ |

**ख) अप्राविधिकतर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ८८/२०८१-०८२ | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ४ |
| २ | ८९/२०८१-०८२ | लेखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| ३ | ९०/२०८१-०८२ | तथ्याङ्क अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |

## स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका अधिकृत स्तर सातौँ तहका पदहरूको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ७४ (क र ख)/२०८१-०८२, मिति २०८१/६/३० गते बुधबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सरकारी सेवा अन्तर्गत कोशी प्रदेश भित्रका विभिन्न स्थानीय तहका स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ८ को उपदफा (२१) बमोजिम कायम हुन आएका अधिकृत स्तर सातौँ तहका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ तथा देहायका शर्तको अधिनमा रही बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०८१/८/४ गतेसम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३० बमोजिम योग्य भएको हुनुपर्नेछ।
२. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा २८ र दफा ३७ बमोजिम बढुवा हुने पदको तह भन्दा एक तह मुनिको पदका लागि तोकिए बमोजिमको योग्यता र न्यूनतम सेवा अवधि, भौगोलिक क्षेत्रमा कार्य गरेको अनुभव तथा सेवाकालीन तालीम प्राप्त गरेको हुनुपर्नेछ।
३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश किताबखानाबाट आफूले पाएको सङ्केत नम्बर (सिट रोल नं.) उल्लेख गर्नुपर्नेछ।
४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।
५. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।
६. दरखास्त फाराम भर्दा मूल्याङ्कनका लागि गणना हुने पछिल्लो तीन वर्षको का.स.मू. पेश गरेको कार्यालयको नाम, हालको तहमा अध्ययन बिदा र तालिम लिएको भए सोको अवधि तथा गयल कट्टी भएको भए सो को विवरण खुलाई पेश गर्नुपर्नेछ।
७. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका विवरणहरू स्पष्ट खुलाउनुपर्नेछ।
८. आयोगमा बढुवाको फाराम बुझाउँदा सम्बन्धित तहका लागि पदपूर्ति हुने स्थानीय तहहरूका लागि आयोगबाट प्राप्त विवरण फाराममा आफूले जान चाहेको स्थानीय तहको प्राथमिकता क्रम भरी अनिवार्य दस्तखत समेत गरी बढुवाको फाराम साथ बुझाउनुपर्नेछ।
९. दरखास्त दस्तुरः
   अधिकृत स्तर सातौँ तहः रु. १,२००।- (रु. एक हजार दुई सय मात्र) बुझाउनुपर्नेछ।
१०. दरखास्त दस्तुर बुझाउने स्थानः-
   राष्ट्रिय वाणिज्य बैंक, खाता नं. १०००१००२०१०१०००१ वा
   नेपाल बैंक लिमिटेड, खाता नं. २७००२००००००१००१००००००१ वा
   कृषि विकास बैंक, खाता नं. ०६०१६०१६१३०३६०१७
   कार्यालय कोडः २१०००१३०११ (प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर)
   राजस्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क) मा दरखास्त दस्तुर बुझाएको सक्कल राजस्वको बैंक भौचर प्रति संलग्न गर्नुपर्नेछ।

दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेबसाइट psc.koshi.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरमा दरखास्त बुझाइसक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

**कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाका लागि थप सूचनाः**

१. स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३३, ३४, ३५ र ३६ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ३२ बमोजिम हुनेछ।
२. दरखास्त साथ बढुवा हुने पदभन्दा एक तह मुनिको पदमा सम्बन्धित सेवासँग सम्बन्धित विषयको तीस कार्य दिन वा सोभन्दा बढी अवधिको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**सूचना नं. ७४ (क)/२०८१-०८२**

**जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू**

**क) प्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ९१/२०८१-०८२ | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| २ | ९२/२०८१-०८२ | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| ३ | ९३/२०८१-०८२ | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| ४ | ९४/२०८१-०८२ | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| ५ | ९५/२०८१-०८२ | शिक्षा अधिकृत वा सो सरह | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |

**ख) अप्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ९६/२०८१-०८२ | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| २ | ९७/२०८१-०८२ | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | २ |

**सूचना नं. ७४ (ख) )/२०८१-०८२**

**कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू**

**क) प्राविधिकतर्फः**

| क्र.स. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | ९८/२०८१-०८२ | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | ३ |
| २ | ९९/२०८१-०८२ | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| ३ | १००/२०८१-०८२ | बाली विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बाली विकास | १ |
| ४ | १०१/२०८१-०८२ | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | २ |
| ५ | १०२/२०८१-०८२ | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | २ |
| ६ | १०३/२०८१-०८२ | शिक्षा अधिकृत वा सो सरह | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |

**ख) अप्राविधिकतर्फः**

| क्र.सं. | बढुवा सूचना नं. | पद | तह | सेवा/समूह/उपसमूह | पद सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | १०४/२०८१-०८२ | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ३ |
| २ | १०५/२०८१-०८२ | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | २ |
| ३ | १०६/२०८१-०८२ | कानून अधिकृत वा सो सरह | ७ | स्थानीय कानून/कानून | १ |

## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गत विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिकतर्फ अधिकृत स्तर आठौँ र सातौँ तहका पदहरूको अन्तर तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ७५/२०८१-०८२, मिति २०८१/६/३० गते बुधबार**

प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (अन्तर तह, खुला तथा समावेशी) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली psconline.p1.gov.np मार्फत आवेदन दिनुपर्नेछ।

**क. प्राविधिकतर्फः**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ८००१/०८१-८२ | खुला | मेडिकल अधिकृत वा सो सरह | ८ | स्थानीय स्वास्थ्य/ज.हे.स. | ४ |
| २ | ८००२/०८१-८२ | आ.ज. | मेडिकल अधिकृत वा सो सरह | ८ | स्थानीय स्वास्थ्य/ज.हे.स. | १ |
| ३ | ८००३/०८१-८२ | महिला | मेडिकल अधिकृत वा सो सरह | ८ | स्थानीय स्वास्थ्य/ज.हे.स. | १ |
| ४ | ८००४/०८१-८२ | दलित | मेडिकल अधिकृत वा सो सरह | ८ | स्थानीय स्वास्थ्य/ज.हे.स. | १ |
| ५ | ८००५/०८१-८२ | थारू | मेडिकल अधिकृत वा सो सरह | ८ | प्रदेश स्वास्थ्य/ज.हे.स. | १ |
| ६ | ८००६/०८१-८२ | खुला | आयुर्वेद चिकित्सक वा सो सरह | ८ | प्रदेश स्वास्थ्य/आयुर्वेद | १ |
| ७ | ८००७/०८१-८२ | महिला | आयुर्वेद चिकित्सक वा सो सरह | ८ | प्रदेश स्वास्थ्य/आयुर्वेद | १ |
| ८ | ७००१/०८१-८२ | अन्तर तह | इन्जिनियर वा सो सरह | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| ९ | ७००२/०८१-८२ | खुला | इन्जिनियर वा सो सरह | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| | | | | | स्थानीय इन्जिनियरिङ/सिभिल | ७ |
| १० | ७००३/०८१-८२ | आ.ज. | इन्जिनियर वा सो सरह | ७ | प्रदेश इन्जिनियरिङ/सिभिल/जनरल | १ |
| | | | | | स्थानीय इन्जिनियरिङ/सिभिल | २ |
| ११ | ७००४/०८१-८२ | महिला | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | २ |
| १२ | ७००५/०८१-८२ | दलित | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल | १ |
| १३ | ७००६/०८१-८२ | खुला | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल/वि.एन्ड आ. | १ |
| १४ | ७००७/०८१-८२ | आ.ज. | इन्जिनियर वा सो सरह | ७ | स्थानीय इन्जिनियरिङ/सिभिल/वि.एन्ड आ. | १ |
| १५ | ७००८/०८१-८२ | खुला | कृषि अर्थ विज्ञ वा सो सरह | ७ | प्रदेश कृषि/एगृ.इको. एन्ड मार्केटिङ | १ |
| | | | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | ६ |
| | | | वागवानी विकास अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/बागवानी | १ |
| | | | वागवानी विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बागवानी | १ |
| | | | बाली संरक्षण अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| | | | बाली विकास अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/बाली विकास | १ |
| | | | बाली विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बाली विकास | १ |
| १६ | ७००९/०८१-८२ | आ.ज. | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| | | | बाली संरक्षण अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बाली संरक्षण | १ |
| | | | बाली विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/बाली विकास | १ |
| १७ | ७०१०/०८१-८२ | महिला | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | २ |
| १८ | ७०११/०८१-८२ | दलित | कृषि अर्थ विज्ञ वा सो सरह | ७ | प्रदेश कृषि/एगृ.इको. एन्ड मार्केटिङ | १ |
| | | | बाली संरक्षण अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/बाली संरक्षण | १ |
| | | | कृषि प्रसार अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/कृषि प्रसार | १ |
| १९ | ७०१२/०८१-८२ | खुला | पशु चिकित्सक वा सो सरह | ७ | प्रदेश कृषि/भेटेरिनरी | १ |
| | | | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | ३ |
| २० | ७०१३/०८१-८२ | आ.ज. | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २१ | ७०१४/०८१-८२ | महिला | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २२ | ७०१५/०८१-८२ | दलित | पशु चिकित्सक वा सो सरह | ७ | स्थानीय कृषि/भेटेरिनरी | १ |
| २३ | ७०१६/०८१-८२ | खुला | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | ३ |
| २४ | ७०१७/०८१-८२ | आ.ज. | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| २५ | ७०१८/०८१-८२ | महिला | पशु विकास अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| | | | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| २६ | ७०१९/०८१-८२ | दलित | पशु विकास अधिकृत वा सो सरह | ७ | स्थानीय कृषि/ला.पो. एन्ड डे.डे. | १ |
| २७ | ७०२०/०८१-८२ | आ.ज. | मत्स्य विकास अधिकृत वा सो सरह | ७ | प्रदेश कृषि/फिसरिज | १ |
| २८ | ७०२१/०८१-८२ | अन्तर तह | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | ७ |
| २९ | ७०२२/०८१-८२ | खुला | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | ४ |
| | | | जलाधार व्यवस्थापन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/स्वायल एन्ड वाटर कन्जरभेसन | १ |
| ३० | ७०२३/०८१-८२ | आ.ज. | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | १ |
| ३१ | ७०२४/०८१-८२ | महिला | वन अधिकृत वा सो सरह | ७ | प्रदेश वन/जनरल फरेस्ट्री | १ |
| ३२ | ७०२५/०८१-८२ | खुला | वातावरण निरीक्षक वा सो सरह | ७ | प्रदेश वन/वातावरण | १ |
| | | | वातावरण इन्जिनियर वा सो सरह | ७ | स्थानीय वन तथा वातावरण | १ |
| ३३ | ७०२६/०८१-८२ | खुला | शिक्षा अधिकृत वा सो सरह | ७ | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| | | | | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | ६ |
| ३४ | ७०२७/०८१-८२ | आ.ज. | शिक्षा अधिकृत वा सो सरह | ७ | प्रदेश शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| | | | | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |
| ३५ | ७०२८/०८१-८२ | महिला | शिक्षा अधिकृत वा सो सरह | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | २ |
| ३६ | ७०२९/०८१-८२ | दलित | शिक्षा अधिकृत वा सो सरह | ७ | स्थानीय शिक्षा/शिक्षा प्रशासन/निरीक्षण | १ |
| ३७ | ७०३०/०८१-८२ | आ.ज. | स्वास्थ्य शिक्षा अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/हेल्थ एजुकेशन | १ |
| ३८ | ७०३१/०८१-८२ | खुला | जनस्वास्थ्य अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| | | | | | स्थानीय स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ३९ | ७०३२/०८१-८२ | आ.ज. | जनस्वास्थ्य अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/हेल्थ इन्सपेक्सन | १ |
| ४० | ७०३३/०८१-८२ | आ.ज. | नर्सिङ अधिकृत वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ | १ |
| ४१ | ७०३४/०८१-८२ | खुला | मेडिकल ल्याब टेक्नोलोजिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | १ |
| | | | | | स्थानीय स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | १ |
| ४२ | ७०३५/०८१-८२ | आ.ज. | मेडिकल ल्याब टेक्नोलोजिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. | १ |
| ४३ | ७०३६/०८१-८२ | खुला | फिजियोथेरापिस्ट वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/फिजियोथेरापी | १ |
| ४४ | ७०३७/०८१-८२ | खुला | बायोमेडिकल इन्जिनियर वा सो सरह | ७ | प्रदेश स्वास्थ्य/विविध/वायोमेडिकल इन्जिनियरिङ | १ |

**ख. अप्राविधिकतर्फ**

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १ | ७५०१/०८१-८२ | अन्तर तह | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| २ | ७५०२/०८१-८२ | खुला | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | ६ |
| | | | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | ७ |
| | | | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | ४ |
| | | | आ.ले.प. अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/आ.ले.प. | १ |
| ३ | ७५०३/०८१-८२ | आ.ज. | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | १ |
| | | | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| | | | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | २ |
| | | | आ.ले.प. अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/आ.ले.प. | १ |

बाँकी पृष्ठ १४ मा

# बुटवल–चिडियाखोला सडकको नयाँ ठेक्का

बुटवल समाचारदाता
*बुटवल, असोज २९ गते*



तस्बिर : छविलाल पाण्डे

निर्माण गर्न लागिएको बुटवलको सडक ।

बुटवलको राजमार्ग चौराहादेखि चिडियाखोलासम्मको साढे तीन किलोमिटर सडक सात वर्षमा पनि निर्माण नगरेपछि पुरानो ठेक्का सम्झौता रद्द गरी बाबुल दर्शन मालिका जेभीले नयाँ टेन्डरमार्फत निर्माणको जिम्मा पाएको छ।

सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी इन्जिनियर महेश्वर लम्सालले पुरानो निर्माण कम्पनी बिरुवा जेभी कन्स्ट्रक्सन प्रालिले साढे तीन किलोमिटर सडक सात वर्षमा पनि निर्माण सम्पन्न नगरी आलटाल गरेपछि ठेक्का तोडेर नयाँ ठेक्कामार्फत बाबुल दर्शन मालिका जेभीले निर्माणको जिम्मा पाएको बताउनुभयो। सूचना अधिकारी लम्सालका अनुसार उक्त सडक एक वर्षमा सम्पन्न गर्ने र छ लेनमा विस्तार गर्ने गरी ३३ करोड रुपियाँमा ठेक्का लागेको हो। बुटवलको मुख्य बजार क्षेत्रको साढे तीन किलोमिटर सडक बनाउन सात वर्षअघि बिरुवा जेभी कन्स्ट्रक्सन कम्पनी प्रालिले ठेक्का पाएको थियो।

२०६९ सालमा चार लेनमा निर्माण भएको यो सडकखण्ड पछि छ लेनमा विस्तार गर्ने योजना अघि बढेको थियो। यो सडकमा अन्तर्राष्ट्रियस्तरको अस्फाल्ट प्रविधिबाट कालोपत्रे गर्ने योजना रहेको सडक डिभिजन कार्यालय बुटवलले जनाएको छ। बुटवलको मुख्य बजार क्षेत्र रहेको यो सडक निर्माणको जिम्मा सात वर्षअघि कञ्चनजङ्घा बिरुवा जेभी काठमाडौँले भ्याट तथा भेरिएसनसहित ५३ करोड ९७ लाख ९९ हजार ४६७ रुपियाँमा ठेक्का पाएको थियो।

२०७६ सम्ममा सडक विस्तार सक्ने गरी २०७३ चैत १३ मा ठेक्का सम्झौता भएको थियो तर निर्माण कम्पनीले सडक निर्माणमा लापर्बाही गरेपछि सडक डिभिजन कार्यालय बुटवलले ठेक्का सम्झौता रद्द गरेको हो। उक्त सडक निर्माणका क्रममा ३५ करोड रुपियाँ खर्च भइसकेको थियो। पटक पटक म्याद थप्दासमेत सात वर्षसम्म सडक निर्माणको काम सम्पन्न नभएपछि डिभिजन सडक कार्यालय बुटवलले दुई महिनाअघि पुरानो ठेक्का रद्द गरी नयाँ टेन्डर गरेको थियो।

अब निर्माण हुने उक्त सडक छ लेनमा र पार्किङ व्यवस्थापनसमेत मिल्ने गरी नयाँ डिजाइन गरेर काम अगाडि बढाउने तयारी गरिएको छ। अब सडकको फुटपाथ तीन मिटर, सर्भिस लेन सात मिटर, ग्रिनबेल्ट साथै स्टल साढे दुई मिटर र मुख्य लेन साढे १० मिटरको हुने छ।

# संरक्षण गरिँदै पिङ संस्कृति

बुटवल समाचारदाता
*बुटवल, असोज २९ गते*

दसैँ र तिहारलगायतका महत्त्वपूर्ण चाडपर्वका अवसरमा खेलिने चर्खे र रोटेलगायतका पिङ हराउँदै गएको भन्दै युवाले पिङ संस्कृति संरक्षण गर्ने अभियान चलाए।

रुपन्देहीको सैनामैना नगरपालिका–१० मा रहेको झिमझिमिया समावेशी युवा क्लबले पुरानो चर्खे र रोटेपिङ हराउँदै गएको भए पनि लिङ्गेपिङमार्फत संस्कृति संरक्षणको प्रयास थालेको हो।

स्थानीय युवाले विगत तीन वर्षदेखि बडादसैँ र तिहारको बेला पिङ राखेर वृद्ध आमाबुवा, युवकयुवती तथा बालबालिकालाई पुरानो संस्कृति संरक्षण गर्नु पर्छ भन्ने सन्देश दिन अभियान नै चलाएको बताएका छन्।

सैनामैना नगरपालिका–१० का वडाध्यक्ष कृष्णप्रसाद घिमिरेले झिमझिमिया समावेशी युवा क्लबले दसैँको कलासंस्कृति जोगाउने उद्देश्यले विगत तीन वर्षदेखि पिङ राखेर पुरानो संस्कृति सम्झाउने प्रयास गरेकोमा सराहना गर्नुभयो।

उहाँले नेपाली मौलिक कलासंस्कृति जगेर्ना गर्न एउटा क्लबले सामाजिक उत्तरदायित्व अन्तर्गत गरेको प्रयास महत्त्वपूर्ण रहेको बताउँदै आगामी दिनमा पनि क्लबको यस प्रकारको कलासंस्कृति संरक्षण गर्ने अभियानको निरन्तरताको आग्रह गर्नुभयो।

क्लबका अध्यक्ष केशव पौडेलले दसैँतिहारको बेला गाउँघरमा पिङ लगाएर रमाइलो गर्ने संस्कृति हराउँदै गएको बताउँदै आफूहरूले यसको जगेर्ना गर्ने प्रयास गरेको बताउनुभयो।

उहाँले विगतदेखि नै क्लबले पिङ राखेर कलासंस्कृति संरक्षण गर्ने प्रयास गर्दै आएको बताउनुभयो।

चर्खे र रोटेपिङका लागि सामग्री जुटाउनै समस्या भएकाले आफूहरूले विगत तीन वर्षदेखि लिङ्गेपिङ हालेर लोप हुँदै गएको पिङ संरक्षण गर्ने प्रयास गरिरहेको अध्यक्ष पौडेलको भनाइ छ।

यसै गरी क्लबका सदस्य सागर गैरेले दसैँतिहारका बेलामा नेपाली पिङ संस्कृति संरक्षण गर्ने उद्देश्यले क्लबले पिङ राखेको बताउँदै अहिले बालबालिका मोबाइलमा व्यस्त हुने गरेकोमा पिङ खेल्न पाउने भएपछि बालबालिकामा मोबाइलको लत छुटाउन यसले सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो।

## सबैतिर चर्खे र लिङ्गेपिङ

**तानसेन समाचारदाता**का अनुसार जिल्लाको विभिन्न स्थानका युवाले चर्खे र लिङ्गेपिङ हालेका छन्। जिल्लाको तानसेन, बगनासकाली, रिब्दीकोट, माथागढी, ताहुँ, रामपुर, निस्दी, हुँगीलगायतका स्थानमा लिङ्गे र चर्खेपिङ हालिएको छ। स्थानीय बासिन्दाको सक्रियतामा हराउँदै गएको पिङ हाल्ने र जगेर्नामा सक्रियता बढेको छ। जिल्लाको रम्भाको ताहुँ, झोकेदी, पूर्वखोला, माथागढीको झडेवामा चर्खे पिङ स्थापना गरिएको छ। हराउँदै गएको चर्खे पिङ जोगाउन स्थानीय युवा, महिलाको सक्रियता रहेको रम्भा हुमिनका स्थानीय बासिन्दा खुमबहादुर पौडेलले बताउनुभयो। यस्तै माथागढीको झडेवास्थित केरौलीमा पनि चर्खेपिङ राखिएको स्थानीय बासिन्दा बताउँछन्। परम्परादेखि नै केरौलीमा चर्खेपिङ राख्ने गरिएकोमा यो वर्षको दसैँमा चर्खेपिङ जोडिएको स्थानीय हरिबहादुर चौहानले बताउनुभयो। सहरबाट गाउँ आउने, गाउँमा बस्ने मानिस, घरमा ज्येष्ठ नागरिकसँग आशीर्वाद लिन आएका युवकयुवतीसमेत चर्खेपिङ खेल्ने गरेको उहाँले बताउनुभयो।

यस्तै तानसेनको टुँडिखेल, बाँसटारी, बतासे, रिब्दीकोटको भैरवस्थान, बतासे, माथागढीको सराई, तिनाउको मस्याम क्षेत्रमा लिङ्गेपिङ राखिएको छ। केही वर्षअघिसम्म पिङ राख्ने कार्य सुस्त बनेकोमा पछिल्लो वर्षमा यसको सङ्ख्या बढ्दै गएको स्थानीय बासिन्दाको भनाइ छ। पछिल्लो समय परम्परा जोगाउनु पर्छ भन्ने मान्यता बढ्दै गएपछि पिङको सङ्ख्या बढेको तानसेनका स्थानीय बासिन्दा एवं पाल्पा जेसिजका अध्यक्ष अर्जुन कार्कीले बताउनुभयो।

पिङ खेल्दा रमाइलो हुने र वर्षको एक पटक भुइँ छाड्नु पर्छ भन्ने मान्यताले पिङमा सबै उमेर समूहका मानिस झुम्मिने गरेका छन्। दसैँका बेलामा चोक, चौका, बरपिपलका फेद, पाटीपौवानजिक, सार्वजनिक स्थलमा चर्खे र लिङ्गेपिङ स्थापना गर्ने परम्परा छ। कतिपय स्थानमा विभिन्न ठुला रुखका मुनि बाबियोको डोरी बाटेरसमेत पिङ राख्ने प्रचलन रहेको छ।

पृष्ठ १३ को बाँकी

| क्र.सं. | विज्ञापन नं. | किसिम | पद | तह | सेवा/समूह/उपसमूह | जम्मा पद सङ्ख्या |
|---|---|---|---|---|---|---|
| ४ | ७५०४/०८१-८२ | महिला | शाखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/सामान्य प्रशासन | २ |
| | | | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | २ |
| | | | लेखा अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/लेखा | १ |
| | | | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | १ |
| ५ | ७५०५/०८१-८२ | दलित | शाखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/सामान्य प्रशासन | १ |
| | | | लेखा अधिकृत वा सो सरह | ७ | स्थानीय प्रशासन/लेखा | १ |
| ६ | ७५०६/०८१-८२ | खुला | तथ्याङ्क अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |
| ७ | ७५०७/०८१-८२ | आ.ज. | तथ्याङ्क अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध/तथ्याङ्क | १ |
| ८ | ७५०८/०८१-८२ | खुला | महिला विकास अधिकृत वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध/महिला विकास | १ |
| ९ | ७५०९/०८१-८२ | खुला | अर्थशास्त्री वा सो सरह | ७ | प्रदेश प्रशासन/विविध | १ |
| १० | ७५१०/०८१-८२ | खुला | कानून अधिकृत वा सो सरह | ७ | स्थानीय कानून/कानून | २ |
| ११ | ७५११/०८१-८२ | आ.ज. | कानून अधिकृत वा सो सरह | ७ | स्थानीय कानून/कानून | १ |

**परीक्षाको किसिमः-** लिखित, कम्प्युटर सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा कार्यक्रमः-**

**क. प्राविधिकतर्फः**

| क्र. सं. | सेवा/समूह/उपसमूह/किसिम | तह | पद | परीक्षा मिति र समय | | |
|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र |
| १ | स्वास्थ्य/जनरल हेल्थ सर्भिसेज (खुला तथा समावेशी) | ८ | मेडिकल अधिकृत वा सो सरह | २०८१/११/१ गते दिनको १:०० बजे | २०८१/११/२ गते दिनको १:०० बजे | |
| २ | स्वास्थ्य/आयुर्वेद/जनरल आयुर्वेद (खुला तथा समावेशी) | ८ | आयुर्वेद चिकित्सक वा सो सरह | २०८१/११/३ गते बिहानको ८:०० बजे | २०८१/११/३ गते दिनको १:०० बजे | |
| ३ | इन्जनियरिङ/सिभिल/जनरल (अन्तर तह) | ७ | इन्जिनियर वा सो सरह | २०८१/११/४ गते दिनको १:०० बजे | २०८१/११/५ गते दिनको १:०० बजे | |
| | इन्जनियरिङ/सिभिल (खुला तथा समावेशी) | ७ | इन्जिनियर वा सो सरह | २०८१/११/६ गते दिनको १:०० बजे | २०८१/११/७ गते दिनको १:०० बजे | |
| ४ | इन्जनियरिङ/सिभिल/विल्डिङ एन्ड आर्किटेक्ट (खुला तथा समावेशी) | ७ | इन्जिनियर वा सो सरह | २०८१/११/८ गते दिनको १:०० बजे | २०८१/११/९ गते दिनको १:०० बजे | |
| ५ | कृषि/एगृ.इको. एन्ड मार्केटिङ, कृषि प्रसार, बागवानी, बाली संरक्षण, बाली विकास) (खुला तथा समावेशी) | ७ | कृषि अर्थ विज्ञ, कृषि प्रसार अधिकृत, बाली विकास अधिकृत, बागवानी विकास अधिकृत, बाली संरक्षण अधिकृत वा सो सरह | २०८१/११/१० गते बिहानको ८:०० बजे | २०८१/११/१० गते दिनको १:०० बजे | |
| ६ | कृषि/भेटेरिनरी (खुला तथा समावेशी) | ७ | पशु चिकित्सक वा सो सरह | २०८१/११/११ गते दिनको १:०० बजे | २०८१/११/१२ गते दिनको १:०० बजे | |
| ७ | कृषि/ला.पो. एन्ड डे.डे. (खुला तथा समावेशी) | ७ | पशु विकास अधिकृत वा सो सरह | २०८१/११/१३ गते दिनको १:०० बजे | २०८१/११/१४ गते दिनको १:०० बजे | |
| ८ | वन/जनरल फरेस्ट्री (अन्तर तह) | ७ | वन अधिकृत वा सो सरह | २०८१/११/१५ गते दिनको १:०० बजे | २०८१/११/१६ गते दिनको १:०० बजे | |
| ९ | वन/जनरल फरेस्ट्री, स्वायल एन्ड वाटर कन्जरभेसन (खुला तथा समावेशी) | ७ | वन अधिकृत वा सो सरह/ जलाधार व्यवस्थापन अधिकृत वा सो सरह | २०८१/११/१७ गते बिहानको ८:०० बजे | २०८१/११/१७ गते दिनको १:०० बजे | |
| १० | कृषि/फिसरिज (समावेशी) | ७ | मत्स्य विकास अधिकृत वा सो सरह | २०८१/११/१८ गते दिनको १:०० बजे | २०८१/११/१९ गते दिनको १:०० बजे | |
| ११ | वन/वातावरण, वन तथा वातावरण (खुला) | ७ | वातावरण निरीक्षक वा सो सरह, वातावरण इन्जिनियर वा सो सरह | २०८१/११/२० गते दिनको १:०० बजे | २०८१/११/२१ गते दिनको १:०० बजे | |
| १२ | शिक्षा/शिक्षा प्रशासन/निरीक्षण (खुला तथा समावेशी) | ७ | शिक्षा अधिकृत वा सो सरह | २०८१/११/२६ गते दिनको १:०० बजे | २०८१/११/२७ गते दिनको १:०० बजे | २०८१/११/२८ गते दिनको १:०० बजे |
| १३ | स्वास्थ्य/हेल्थ इन्सपेक्सन (खुला तथा समावेशी) | ७ | जनस्वास्थ्य अधिकृत वा सो सरह | २०८१/१२/२ गते बिहानको ८:०० बजे | २०८१/१२/२ गते दिनको १:०० बजे | |
| १४ | स्वास्थ्य/हेल्थ एजुकेशन (समावेशी) | ७ | स्वास्थ्य शिक्षा अधिकृत वा सो सरह | २०८१/१२/३ गते दिनको १:०० बजे | २०८१/१२/४ गते दिनको १:०० बजे | |
| १५ | स्वास्थ्य/नर्सिङ/जनरल नर्सिङ (समावेशी) | ७ | नर्सिङ अधिकृत वा सो सरह | २०८१/१२/५ गते दिनको १:०० बजे | २०८१/१२/६ गते दिनको १:०० बजे | |
| १६ | स्वास्थ्य/मे.ल्या.टे./ज.मे.ल्या.टे. (खुला तथा समावेशी) | ७ | मेडिकल ल्याब टेक्नोलोजिस्ट वा सो सरह | २०८१/१२/७ गते दिनको १:०० बजे | २०८१/१२/८ गते दिनको १:०० बजे | |
| १७ | स्वास्थ्य/फिजियोथेरापी (खुला) | ७ | फिजियोथेरापिस्ट वा सो सरह | २०८१/१२/९ गते बिहान ८:०० बजे | २०८१/१२/९ गते दिनको १:०० बजे | |
| १८ | स्वास्थ्य/बायोमेडिकल इन्जिनियरिङ (खुला) | ७ | बायोमेडिकल इन्जिनियर वा सो सरह | २०८१/१२/१० गते दिनको १:०० बजे | २०८१/१२/११ गते दिनको १:०० बजे | |

**ख. अप्राविधिकतर्फः**

| क्र.सं. | सेवा/समूह/उपसमूह/ किसिम | तह | पद | परीक्षा मिति र समय | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |
| १ | प्रशासन/सामान्य प्रशासन, लेखा, आ.ले.प. (खुला तथा समावेशी) | ७ | शाखा अधिकृत, लेखा अधिकृत, आ.ले.प. अधिकृत वा सो सरह | २०८१/१०/१९ बिहानको ८:०० बजे (प्रथम चरण) | २०८१/१२/१२ गते दिनको १:०० बजे | २०८१/१२/१३ गते दिनको १:०० बजे | २०८१/१२/१४ गते दिनको १:०० बजे |
| २ | प्रशासन/सामान्य प्रशासन, लेखा, आ.ले.प. (अन्तर तह) | ७ | शाखा अधिकृत, लेखा अधिकृत, आ.ले.प. अधिकृत वा सो सरह | २०८१/१०/२६ बिहानको ८:०० बजे (प्रथम चरण) | २०८१/१२/१५ गते दिनको १:०० बजे | २०८१/१२/१६ गते दिनको १:०० बजे | २०८१/१२/१७ गते दिनको १:०० बजे |
| ३ | प्रशासन/विविध/तथ्याङ्क (खुला तथा समावेशी) | ७ | तथ्याङ्क अधिकृत वा सो सरह | २०८१/१२/१८ गते दिनको १:०० बजे | २०८१/१२/१९ गते दिनको १:०० बजे | | |
| ४ | प्रशासन/विविध/महिला विकास (खुला) | ७ | महिला विकास अधिकृत वा सो सरह | २०८१/१०/३० बिहानको ८:०० बजे (प्रथम चरण) | २०८१/१२/२० गते दिनको १:०० बजे | २०८१/१२/२१ गते दिनको १:०० बजे | |
| ५ | प्रशासन/विविध (खुला) | ७ | अर्थशास्त्री वा सो सरह | २०८१/१२/२२ गते दिनको १:०० बजे | २०८१/१२/२३ गते दिनको १:०० बजे | | |
| ६ | स्थानीय कानून सेवा (खुला तथा समावेशी) | ७ | कानून अधिकृत वा सो सरह | २०८१/१२/२४ गते दिनको १:०० बजे | २०८१/१२/२५ गते दिनको १:०० बजे | | |

**परीक्षा केन्द्रः-** प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगर

**परीक्षा दस्तुरः-**

| तह | दरखास्त दस्तुर | एकै सेवा/समूहको पदका किसिम वा समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि |
|---|---|---|
| सातौँ/आठौँ | रु. १,२००।- | रु. ४००।- |

**दरखास्त दिने अन्तिम मितिः-** २०८१/७/२० गते र दोब्बर दस्तुर तिरी २०८१/७/२७ गतेसम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः-** दरखास्त दस्तुर आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत विद्युतीय माध्यमबाट सोझै वा मास्टर आइडी (Master ID) र कारोबार सङ्केत नं. उल्लेख भएको बैंक भौचर प्रिन्ट गरी तोकिएको बैंकबाट नगद समेत बुझाउन सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अवधिः-** ढिलोमा २०८१/७/२८ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नुपर्नेछ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरूमा अनलाइन प्रणाली मार्फत मात्र दरखास्त बुझाउनुपर्नेछ। अनलाइन मार्फत दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण psconline.p1.gov.np बाट हेर्न सकिनेछ।

**उम्मेदवारको उमेरको हदः-** २०८१/७/२० गतेसम्म २१ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारको हकमा ४० वर्ष ननाघेको। स्वास्थ्य सेवाको हकमा २१ वर्ष उमेर पूरा भई ४५ वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

**पेश गर्नुपर्ने कागजातहरूः-** उम्मेदवारले न्यूनतम शैक्षिक योग्यता, तालिम, अनुभव, व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाइन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नुपर्नेछ। सबै उम्मेदवारले आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रको दुवै भाग स्क्यान गरी JPG Format मा तोकिएको स्थानमा अपलोड गर्नुपर्नेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ।

पदमा रही गर्नुपर्ने कामको विवरणः- सेवा समूह सम्बन्धी।

तलबः- प्रचलित कानून बमोजिम।

**आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

**अन्तर तह प्रतियोगिता र खुला तथा समावेशी प्रतियोगिताका लागिः**

१. **वातावरण इन्जिनियर, तह ७, वन तथा वातावरण सेवाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण इन्जिनियरिङ विषयमा कम्तीमा चार वर्षको स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

२. **आन्तरिक लेखा परीक्षण अधिकृत वा सो सरह, तह ७, स्थानीय प्रशासन सेवा, आ.ले.प. समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, व्यापार प्रशासन, वा वणिज्य शाष्त्र विषयमा स्नातक उपाधि प्राप्त।

३. **अर्थशास्त्री वा सो सरह, तह ७, प्रदेश प्रशासन सेवा, विविध समूहः** मान्यताप्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त।

४. **कानून अधिकृत वा सो सरह, तह ७, स्थानीय कानून सेवा, कानून समूहः** मान्यता प्राप्त शिक्षण संस्थाबाट कानूनमा स्नातक तह उत्तीर्ण।

**माथि उल्लिखित बाहेकका पदहरूको आवश्यक न्यूनतम शैक्षिक योग्यता प्रदेश निजामती सेवा नियमावली, २०८१ को अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ।**

**अन्तर तह परीक्षाका लागि थप सूचनाः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ (दोस्रो संशोधन सहित) को दफा ८ को उपदफा (५) बमोजिम योग्यता पुगेको हुनुपर्नेछ।
२. प्रचलित कानून बमोजिम निलम्बन नभएको वा निलम्बन अवधि समाप्त भएको हुनुपर्नेछ।
३. प्रचलित कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का नभएको वा सो अवधि समाप्त भएको हुनुपर्नेछ।

**खुला तथा समावेशी परीक्षाका लागि सूचनाः**

१. प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १६ र स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १६ बमोजिम बमोजिम योग्य भएको हुनुपर्नेछ।
२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ) मिति र समयमा हुनेछ।
३. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरूको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
४. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट, कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनोट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्युटर सीप परीक्षण, सामूहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
५. सवै चरणको परीक्षा पश्चात् प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकता क्रम (Priority Order) अनुसार नियुक्तिका लागि सिफारिस गरिनेछ।

अ) **समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः**

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूले दरखास्त दिने समयमा प्रदेश निजामती सेवा नियमावली, २०८१ को नियम २१ को उपनियम (९) बमोजिमका कागजातहरू दरखास्त साथ पेश गर्नुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

**द्रष्टव्यः**

क) **स्वास्थ्य सेवा तर्फका सम्पूर्ण पदहरूमा दरखास्त दिन सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता भई व्यवसाय अनुमति प्रमाणपत्र प्राप्त गरी म्याद कायम भएको हुनुपर्नेछ।**

ख) अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदका लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनुपर्नेछ।

ग) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनका लागि गणना गरिने छैन।

घ) **समान तहको पदमा उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त स्वीकृत गरिने छैन।**

ङ) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

च) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नुपर्नेछ।अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुनेछैन।

छ) दरखास्त दिने अन्तिम मिति (२०८१/७/२० गते) भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्तसाथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइँ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेस्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

ज) उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रूपले सङ्केत गर्नुपर्नेछ।

झ) उम्मेदवारले अनलाइन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। **उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सीधै मोबाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनुपर्नेछ।**

ञ) **विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनोट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नम्बर र परीक्षा केन्द्रहरू छनोट गर्नुपर्नेछ।**

ट) परीक्षामा परीक्षार्थीले अनिवार्य रूपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ठ) दरखास्त दिने पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ।

ड) पाठ्यक्रम आयोगको वेबसाइट psc.koshi.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**नोटः माथि उल्लिखित विज्ञापन सम्बन्धी विस्तृत विवरण आयोगको वेबसाइटमा हेर्न सकिनेछ।**